**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २१ गते शनिबार ❑ 5 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## आमाको नामबाट नागरिकता

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

जिल्ला प्रशासन कार्यालय कास्कीले आइतबार तीन जनालाई आमाको नामबाट नागरिकता प्रदान गरेको छ।

कास्कीको अन्नपूर्ण गाउँपालिका-८ की स्थायी बासिन्दा निरुता नेपालीका छोराद्वय सुजन नेपाली र दिनेश नेपाली तथा छोरी सुस्मिता नेपालीलाई आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। यसअघि अन्नपूर्ण गाउँपालिकामा गत मङ्सिर १२ गते जिल्ला प्रशासन कार्यालय कास्कीद्वारा सञ्चालित स्थानीय तहमा शान्तिसुरक्षा, अपराध नियन्त्रण र सेवा प्रवाहसम्बन्धी सचेतनामूलक अन्तरक्रियाका क्रममा निरुताका सन्तानको जन्मदर्ता प्रमाणपत्र तथा नेपाली नागरिकता प्रमाणपत्र प्राप्तिमा समस्या भएको विषय उठान गरिएको थियो।

उक्त विषयमा सम्बन्धित स्थानीय तहसँगको समन्वय एवम् जिल्ला प्रशासन कार्यालयको सहजीकरणमा उनीहरूको जन्मदर्ता गराई आमाको नामबाट नेपाली नागरिकता प्रमाणपत्र प्रदान गरी समस्याको समाधान गरिएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले जानकारी दिनुभयो। बुबाको पहिचान हुने कुनै कागजात र प्रमाण पेस हुन नसकेका अवस्थामा अन्नपूर्ण गाउँपालिका-८ बाट गरिएको जन्मदर्ता प्रमाणपत्र, वडा कार्यालयको सिफारिस, वडाको मुचुल्का, प्रहरी मुचुल्का समेतका आधारमा नागरिकता ऐन, नियमावली र नागरिकता वितरण कार्यविधि बमोजिमका प्रमाण तथा तथ्यका आधारमा उनीहरूलाई आमाको नामबाट नागरिकताको प्रमाणपत्र प्रदान गरिएको कार्यालयले जनाएको छ।

## भेनेजुएलामा अमेरिकी हस्तक्षेप

**रासस**
काठमाडौं, २० पुस



भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई सत्ताबाट हटाएर देश बाहिर लगिएको केही घन्टापछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाले कम्तीमा अस्थायी रूपमा भेनेजुएला चलाउने र यसको विशाल तेल भण्डार अन्य राष्ट्रहरूलाई बिक्री गर्ने योजना बनाएको बताउनुभएको छ। उहाँले शनिबार पत्रकारहरूसँग कुरा गर्दै नेतृत्वको शून्यतालाई प्रयोग गरी तेल पूर्वाधार सुधार्ने र ठूलो परिमाणमा तेल निर्यात गर्ने तयारी रहेको स्पष्ट गर्नुभयो।

यो नाटकीय घटनाक्रम दक्षिण अमेरिकी राष्ट्र भेनेजुएलामाथि ट्रम्प प्रशासनले महिनौँदेखि गर्दै आएको गहिरो दबाब र गोप्य योजनाको परिणामका रूपमा देखिएको छ। सन् २००३ मा इराक आक्रमणपछि शासन परिवर्तन हासिल गर्ने यो सबैभन्दा आक्रामक अमेरिकी कदम मानिएको छ। तर, कङ्ग्रेसको स्वीकृति बिना गरिएको यस सैन्य कारबाहीको कानूनी वैधतामाथि कानूनी विज्ञहरूले तुरुन्तै प्रश्न उठाएका छन्।

मदुरो र उहाँकी पत्नी सिलिया फ्लोर्सलाई राजधानी काराकासस्थित एक सैन्य आधारको निवासबाट रातारात नियन्त्रणमा लिई अमेरिकी युद्धपोतमार्फत अमेरिका लगिएको थियो। उनीहरूलाई 'नार्को-आतङ्कवाद' षड्यन्त्रमा संलग्न भएको आरोपमा अभियोजनका लागि ल्याइएको अमेरिकी अधिकारीहरूले बताएका छन्। मदुरोलाई बोकेको विमान शनिबार अपराह्न न्युयोर्क नजिकै अवतरण गरेपछि सङ्घीय एजेन्टहरूको कडा सुरक्षाबीच उहाँलाई म्यानहट्टनस्थित अमेरिकी लागुऔषधनियन्त्रणप्रशासन (डिइए) कार्यालय लगिएको थियो। ब्रुकलिनको सङ्घीय जेलमा मुद्दाको पर्खाइमा उहाँलाई हिरासतमा राखिने अपेक्षा गरिएको छ।

ह्वाइट हाउसद्वारा सार्वजनिक गरिएको भिडियोमा मदुरो मुस्कुराउँदै डिइए एजेन्टहरूको साथमा देखिनुभएको छ। यद्यपि अमेरिकी अधिकारीहरूले तत्काल उहाँ जेलमा रहेको औपचारिक पुष्टि गरेका छैनन्। यस कदमबारे भेनेजुएलाकी उपराष्ट्रपति डेल्सी रोड्रिग्जले कडा आपत्ति जनाउँदै मदुरोलाई तत्काल रिहा गरी देशको वैध नेता मान्नुपर्ने माग गर्नुभएको छ।

भेनेजुएलाको कानूनअनुसार उहाँले अन्तरिम भूमिका ग्रहण गर्न सक्ने व्यवस्था भए पनि रोड्रिग्जले राज्य टेलिभिजनमार्फत आफू सत्ता लिन इच्छुक नरहेको र 'भेनेजुएलामा एक मात्र राष्ट्रपति निकोलस मदुरो मोरोस नै हुनुहुन्छ' भन्ने धारणा व्यक्त गर्नुभयो। ट्रम्प प्रशासनले यो अपरेसनलाईअमेरिकामालागुऔषधको अवैध प्रवाह रोक्ने कदमका रूपमा व्याख्या गरेको छ। राष्ट्रपति ट्रम्पले मार-ए-लागोमा आयोजित पत्रकार सम्मेलनमा 'सुरक्षित र विवेकपूर्ण सङ्क्रमण सम्भव नहुन्जेलसम्म अमेरिकाले भेनेजुएलाको प्रशासनमा सहयोग गर्ने' बताउनुभयो। उहाँले यसलाई अमेरिकी सार्वभौमिकता र नागरिकको सुरक्षामाथि खतरा पुऱ्याउनेहरूप्रति कडा चेतावनीका रूपमा पनि वर्णन गर्नुभयो। शनिबार बिहान काराकासमा विस्फोटहरू सुनिनुका साथै कम उचाइमा सैन्य विमानहरू उडेको देखिएको थियो। भेनेजुएलाको सरकारले यसलाई 'साम्राज्यवादी आक्रमण" भन्दै नागरिक र सैन्य प्रतिष्ठानहरूमा क्षति पुगेको आरोप लगाएको छ'। आक्रमण करिब ३० मिनेट चलेको बताइन्छ। उपराष्ट्रपति रोड्रिग्जका अनुसार केही नागरिक र सुरक्षाकर्मी मारिएका छन्, तर संख्या खुलाइएको छैन। अमेरिकी पक्षले भने केही सैनिक घाइते भए पनि मृत्यु नभएको जनाएको छ।

## न्यायालय बलियो भएमात्र नागरिकलाई ढुक्क हुने अवस्था हुन्छः प्रधान न्यायाधीश राउत

**रासस**
काठमाडौं, २० पुस

प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतले न्यायालय बलियो भएमात्र नागरिकलाई ढुक्क हुने अवस्था हुने बताउनुभएको छ।

सर्वोच्च अदालतमा आइतबार आयोजित प्रधान सम्पादक, सम्पादक तथा वरिष्ठ पत्रकार हरूसँगको छलफलमा प्रधान न्यायाधीश राउतले अदालतमाथि श्रृङ्खलावद्ध प्रहारले न्यायालय कमजोर हुने भएकाले न्यायालय बलियो भए मात्रै नागरिकलाई ढुक्क हुने अवस्था हुने बताउनुभयो।

"श्रृङ्खलावद्ध प्रहारले अदालतलाई कमजोर बनाउने काम भएको छ, न्यायाधीश डरायो भने राज्यको चौथो अङ्ग पनि सुरक्षित हुँदैन," उहाँले भन्नुभयो, "प्रेस स्वतन्त्रता र सम्मानमा कहालीलाग्दो दिन आउन सक्छ, न्यायालय बलियो हुँदा नागरिकलाई ढुक्क हुने अवस्था हुन्छ।"

न्यायापालिका, अदालत, न्यायाधीशमाथि लक्षित गरी सुनियोजित तरिकाले आपत्तिजनक टिप्पणी गरिएको उल्लेख गर्दै प्रधान न्यायाधीश राउतले भन्नुभयो, "न्यायाधीशका तस्वीर उल्टो बनाएर छापिएको छ, सुनियोजित रूपमा राखिएको छ।" न्यायालयको स्वस्थ आलोचना गर्न र टिप्पणी गर्न कुनै समस्या नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "लोकतन्त्रमा, खुल्ला समाजमा, बहुलवादमा संविधानप्रदत्त अधिकारको भरपुर उपयोग गर्न पाइन्छ, त्यो हेक्का हामीलाई छ, तर स्वस्थकर आचोचना होस, अतिरञ्जना नहोस।" प्रधान न्यायाधीश राउतले अदालत भनेको अत्यन्तै संवेदनशील संस्था भएको उल्लेख गर्दै सत्य, तथ्य र प्रमाणका आधारमा मात्रै मुद्दालाई हेर्नुपर्ने बताउनुभयो। "अदालतबाट धेरै कुरा बुझाउन सकिएको छैन होला, त्यो अपेक्षा सञ्चारमाध्यमसँग छ," प्रधान न्यायाधीश राउतले भन्नुभयो, "अदालतमा विधि, प्रक्रिया हुन्छ, मुद्दामा तथ्य, प्रमाण, कानुन हेर्नुपर्छ, त्यो कस्ले बुझ्छ? त्यति गर्दा पनि गल्ती भएमा जिल्ला हुँदै, उच्च हुँदै चित्त नबुझेको अवस्थामा सर्वोच्च अदालतमा आउने सक्ने संवैधानिक व्यवस्था छ।" प्रधान न्यायाधीश राउतले अभिव्यक्ति स्वतन्त्रताको अधिकतम प्रयोग गर्ने व्यक्ति पत्रकार भएको उल्लेख गर्दै न्यायालयविरुद्ध घृणा फैलाउने काम भयो र त्यसको असर न्यायमा पर्यो भन्ने गम्भीर असरपर्ने बताउनुभयो। "हामी सच्चिनुपर्ने ठाउँमा सच्चिन्छौँ, तर नियतबस अदालत र न्यायाधीशको हुर्मत लिने छुट पनि कसैलाई हुँदैन, कहीँ हामी हाम्रै कमीकमजोरीका कारणले त समस्यामा परेका छैनौँ, निर्मम समीक्षा गरिरहेका छौँ।" देशको सम्वेदनशील घडीमा आशा, भरोसा, विश्वासको पुञ्ज मुलुकका सञ्चारमाध्यम नै भएको, न्यायालयको गरिमा बढाउनका लागि स्वस्थ आलोचना र सुझाव राख्न आग्रह गर्दै भन्नुभयो, "न्यायालयप्रति स्वस्थ्य आलोचना गर्नुस, तर वदनियत राखेर नगर्नुस, यो सबैलाई चाहिने संस्था हो, जुन दिन यो संस्था धरमराउन थाल्छ, तब धेरै असहज परिस्थितिको सिर्जना हुन सक्छ।" सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले देश अस्थिर, जटिल र तरलतातर्फ गइरहेको अवस्थामा स्थिरता दिनुपर्ने जरुरी भएको उल्लेख गर्दै न्यायालय विश्वासिलो बनाउन जरुरी भएको बताउनुभयो।

न्यायालयमा भौतिकरूपमा क्षति भएपनि न्यायको दीप मर्न नदिने गरी काम गरिरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "न्यायापालिका अस्त्रविहीन निकाय हो, हामीमाथि अस्त्रको रूपमा कुनै माध्यमको प्रयोग भइरहेको छ, न्यायालय र प्रेस एकअर्काका परिपूरक भएकाले हामीलाई सुधार गर्नुपर्ने विषय उजागर गरिदिनुभएको छ, न्यायालय आभारी छ।" वरिष्ठतम् न्यायाधीश मल्लले मुलुक जटिल अवस्थामा गइरहको र त्यसका असर न्यायापालिकामा पनि देखिएकाले सल्लाह/सुझावका लागि कार्यक्रमको आयोजना गरिएको उल्लेख गर्दै उहाँले भावना बढी फैलाउने तर सत्यको खोजी नगर्नेजस्तो समस्या देखिएकाले लोकतन्त्रका दुई खम्बा न्यायालय र प्रेस मिलेर काम गर्नुपर्ने भनाइ राख्नुभयो।

## एकै मञ्चमा सुनिए आठ जिल्लाका कवि

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

प्रगतिशील लेखक सङ्घ गण्डकी प्रदेशले शनिबार आठ जिल्लाका आठ कविलाई एकै मञ्चमा उभ्यायो।

पोखरामाआयोजितप्रदेशस्तरीय कवि गोष्ठीमा कास्कीका गीता तिवारी, बागलुङका लाल ऋतम्भरा, लमजुङका वासुदेव थापा, तनहुँका युवराज पौडेल, गोरखाका रामप्रसाद खनाल, स्याङ्जाका अनन्त अर्याल, म्याग्दीका प्रकाश अधिकारी र पर्वतका राजकुमार निरञ्जन सुनिए। कविहरूले विभिन्न विषय र मुद्दामा प्रगतिशील धारका कविता प्रस्तुत गरे। गोष्ठीमा वाचित




कविताले गण्डकी प्रदेशमा प्रगतिशील कविताको भविष्य बलियो रहेको सन्देश दिएको साहित्यकार नारायण मरासिनीले बताउनुभयो। कविताले नेपाली समाजको प्रतिनिधित्वमात्र नभई वर्तमानमा देखिएको परिवर्तनको आकाङ्क्षालाई पनि मुखरित गरेको उहाँको भनाइ छ। प्रलेस गण्डकीका सल्लाहकार रघुनाथ अधिकारीले कविताले मानवीय जीवनलाई छुनुपर्नेमा जोड दिनुभयो। प्रगतिशील कविताले यथास्थितिका विरुद्ध बुलन्द आवाज उठाउनुपर्ने भन्दै उहाँले गण्डकी प्रदेशका नवपुस्ताका कविहरूको प्रस्तुति आशालाग्दो देखिएको बताउनुभयो। प्रगतिशील लेखक सङ्घका केन्द्रीय सदस्य भीम रानाभाटले साहित्य स्वान्त सुखायका लागि मात्र नभई समाजप्रति उत्तरदायी हुनुपर्नेमा जोड दिनुभयो। आफूले के लेख्दैछु, किन र कसका लागि लेख्दैछु भन्ने कुरामा सचेत भएर लेखनमा लाग्नुपर्ने उहाँको भनाइ छ। गायिका तथा साहित्यकार हरिदेवी कोइरालाले गण्डकी प्रदेशका कविका प्रगतिशील कविता एकसाथ सुन्न पाउँदा खुसी लागेको बताउनुभयो। प्रगतिशील कविताको जगेर्ना र उत्थानमा टेवा पुऱ्याउन प्रदेशस्तरीय कवि गोष्ठीको आयोजना गरिएको प्रलेस गण्डकीका अध्यक्ष प्रा डा यदुनन्दन उपाध्यायले बताउनुभयो।

## बालेनसहित २६ जना रास्वपाको केन्द्रीय सदस्य

**रासस**
काठमाडौं, २० पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र साहसहित २६ जनालाई केन्द्रीय सदस्य मनोनित गरेको छ।

बनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयमा आइतबार साँझ बसेको बैठकले उक्त निर्णय गरेको नेता मनिष झाले जानकारी दिनुभयो। बैठकमा थपिएका सात जना केन्द्रीयसमेत सहभागी थिए। रास्वपा र काठमाडौं महानगरपालिका प्रमुख साहबीच सहकार्य गर्नेसम्बन्धी सम्झौता यसअघि नै भइसकेको छ। रास्वपा र उज्यालो नेपाल पार्टीबीच पनि पार्टी एकतासम्बन्धी सम्झौता भइसकेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोउवा संघद्वारा आन्तरिक राजश्व कार्यालयलाई कम्प्यूटर र ल्यापटप सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २० पुस

पोखरा उद्योग वाणिज्य संघले आन्तरिक राजश्व कार्यालय पोखरालाई ५ सेट कम्प्यूटर सेटसहित २ वटा प्रिन्टर र एउटा ल्यापटप सहयोग गरेको छ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले आइततबार उद्योगतर्फका उपाध्यक्ष दीनेशचन्द्रबास्तोला,वाणिज्यतर्फकाउपाध्यक्ष बलराम आचार्य, महासचिव शोभा गौतम,उपमहासचिव सुदीप प्रधानाङ्ग,कार्यसमितिका सदस्यहरु जीवन श्रेष्ठ,दूधमान गुरुङ'आशिष' तथा संघका



सहायक निर्देशक सुनिल क्षेत्रीको उपस्थितिमा आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिवप्रसाद ढुंगानालाई ५ लाख ३१ हजार ८ सय ७१ रुपैयाँ बराबरका सामग्री हस्तान्तरण गरेका हुन्। अध्यक्ष कार्कीले ती सामग्री सहयोगपछि आन्तरिक राजश्व कार्यालयबाट प्रवाह हुने सेवामा सहजता आउने विश्वास व्यक्त गरे।

जेन-जी आन्दोलनको दोस्रो दिन गएको भदौ २४ गते आगजनी,तोडफोड र लुटपाट भएपछि आन्तरिक राजश्व कार्यालय पोखराले दैनिक सेवा प्रवाहका निम्ति अत्यावश्यक पर्ने ती सामग्रीहरुको अभाव झेल्दै आएको थियो।

उद्योगी/व्यवसायीहरुसँग सम्बन्धित रहेको सो आन्तरिक राजश्व कार्यालयको सेवा प्रवाहमा कुनै कमी नहोस् भन्ने उद्देश्यले ती सामग्री सहयोग गरिएको संघकी महासचिव शोभा गौतमले बताइन्।

# पोखरा जेसिज बर्ष २०२६ को पदस्थापना

पोखरापत्र संवाददाता
पोखरा, २० पुस

पोखरा जेसिज वर्ष २०२६ को पदस्थापना कार्यक्रम सम्पन्न भएको छ।

पोखरा जेसीज बर्ष २०२६ का लागि निर्वाचित तथा मनोनित पदाधिकारीको पदस्थापना सँगै जेसिज बर्ष २०२६ का निर्वाचित अध्यक्ष जेसी सुमन पहारीलाई बर्ष २०२५ का अध्यक्ष भाईराज राना मगरले सपथ ग्रहणसंगै पिन तथा चेन हस्तान्तरण गराएका थिए।

कार्यक्रममा प्रमुख अतिथि नेपाल जेसिस वर्ष २६ का अध्यक्ष सेनेटर जीवन कार्की रहेका थिए। कार्यक्रममा जेसिस आस्थापाठ जेसी पवित्र अधिकारी सर्जीले राखेकी थिइन् भने स्वागत जेसि सरोज पौडेलले गरेका



थिए।त्यसैगरी कार्यक्रममा अतिथि नेपाल काङ्ग्रेस कास्की जिल्ला सभापति किशोरदत्त बराल, नेकपा एमालेका अध्यक्ष बैन बहादुर अधिकारी क्षेत्री, चेम्बर अफ कमर्स पोखराका अध्यक्ष उमराज बास्तोला, पोखरा उद्योग बाणिज्य संघका महासचिव शोभा गौतम, नेपाल जेसिज बर्ष २०२६ का पोखरा जेसिजका लागि निरूपिप उपाध्यक्ष आरोग्य श्रेष्ठ, निरूपित कार्यकारिणी उपाध्यक्ष स्वपना पौडेल भण्डारी मादी गाउँपालिकाका अध्यक्ष देविजंग गुरूङ नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मनिराज लामिछाने लगायत स्थानीय जनप्रतिनिधि विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिती रहेको थियो। कार्यक्रमको संचालन पोखरा जेसिज बर्ष २०२६ का महासचिव सञ्जय पौडेलले गरेका थिए।

# परोपकारी संस्था हेड्स नेपालद्वारा म्याग्दीका विद्यार्थीलाई शैक्षिक तथा खेलकुद सामग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, २० पुस

परोपकारी संस्था हेड्स नेपालले म्याग्दी जिल्लाको मालिका गाउँपालिका वडा नं. २ खबाङस्थित श्री जनकल्याण राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीलाई शैक्षिक तथा खेलकुद सामग्री वितरण गरेको छ।

भौगोलिक रूपमा विकट क्षेत्र मानिने खबाङका विपन्न परिवारका ४१ जना विद्यार्थीलाई स्कूल ब्याग, कपी, पेन्सिल, भलिबल, स्किपिङलगायत आवश्यक शैक्षिक सामग्री तथा भलिबल, फुटबल, स्किपिङजस्ता खेलकुद सामग्री वितरण गरिएको हेड्स नेपाल गण्डकीका अध्यक्ष सन्तबहादुर विश्वकर्माले जानकारी दिनुभयो। उहाँका अनुसार यस किसिमका सहयोगले विद्यार्थीहरूको पठनपाठनसँगै शारीरिक तथा मानसिक विकासमा टेवा पुग्ने विश्वास गरीएको छ।



स्वास्थ्य, शिक्षा, कृषि लगायत समाज विकासका विविध क्षेत्रमा जनहितका कार्यक्रम सञ्चालन गर्दै आएको मुनाफारहित परोपकारी संस्था हेड्स नेपालले विपद् तथा मानवीय संकटका बेला पनि सेवा र सहयोग प्रदान गर्दै आएको हेड्स नेपालका संस्थापक प्रताप राज वन्तले बताउनुभयो। उहाँका अनुसार वि.सं. २०५० सालमा स्थापना भएको संस्थामा देशभर १० हजारभन्दा बढी साधारण सदस्य, एक हजारभन्दा बढी आजीवन सदस्य तथा दर्जनौं श्रेयस्कर सदस्य आबद्ध छन्। साथै, अस्ट्रेलिया, जापानलगायत विभिन्न मुलुकमा समेत संस्थाको विस्तार रहेको वन्तले जानकारी दिनुभयो।

यस्ता किसिमका संस्थाद्वारा गरिने सहयोगबाट गरिब, विपन्न तथा जेहन्दार विद्यार्थीहरूलाई ठूलो राहत पुग्ने जनकल्याण राष्ट्रिय आधारभूत विद्यालयकी प्रधानध्यापक फुन कुमारी बुढाथोकी र मालिका गाउँपालिका वडा नं. २ का वडाध्यक्ष उदय कुमार बुढाथोकीले बताउनुभयो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हिरबहादुर बुढाथोकी, हेड्स नेपाल गण्डकीका उपाध्यक्ष हिराप्रसाद भट्टराई, सदस्य भीम पौडेल लगायतले आफ्नो भनाइ राख्नुभएको थियो। हेड्स नेपालले यसअघि लमजुङ, तनहुँ, स्याङ्जा लगायत गण्डकीको ६ ओटा जिल्लामा शैक्षिक सामाग्री वितरण गरिसकेको छभने अन्य जिल्लामा समेत वितरण गर्ने योजना बनाएको छ। स्वास्थ्य, शिक्षा, कृषि तथा विपद् व्यवस्थापनको क्षेत्रमा सक्रिय रहँदै मौलिकपनको जगेर्ना र सामाजिक-आर्थिक रूपान्तरणमा सहयोग पुऱ्याउने लक्ष्यसहित संस्था निरन्तर क्रियाशील रहेको हेड्स नेपालले जनाएको छ।

# विश्व ब्रेल दिवसका अवसरमा सस्वर ब्रेल पठन प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, २० पुस

२१७ औं लुइ जयन्ती तथा विश्व ब्रेल दिवसको अवसरमा कास्की नेत्रहिन संघको आयोजनामा शनिबार पोखरामा दृष्टि सम्बन्धी अपाङ्गता भएका विद्यार्थीको बीचमा सस्वर ब्रेल पठन प्रतियोगिता गरिएको छ।

पोखरास्थित अमरसिंह माध्यमिक विद्यालय र कुँडहर आधारभुत विद्यालयका विद्यार्थी सहभागी प्रतियोगितामा कक्षा १ देखि ६ र कक्षा ७ देखि ११ सम्म गरि दुई चरणमा ब्रेल सस्वर पठन प्रतियोगिता गरिएको थियो। कक्षा १ देखि ६ सम्मको प्रतियोगितामा अमरसिंह मा.वि. कक्षा ५ का गगन सिंह तामाङ र कक्षा ५ कै बिनिशा तामाङ क्रमशः प्रथम र द्वितीय एवम् अमरसिंह मा.वि.का कक्षा ५ का अस्मिता बिक र कुँडहर आ.वि.कक्षा ३ का अन्जना गुरुङले तृतीय स्थान प्राप्त गर्नुभयो।

त्यस्तै कक्षा ७ देखि ११ सम्मको प्रतियोगितामा कक्षा ११ का ऋषि लोहोनी प्रथम, कक्षा




१० का गौरी देउवा द्वितीय र कक्षा ९ का पूर्णिमा गुरुङले तृतीय स्थान प्राप्त गर्नुभयो। कार्यक्रममा पोखरा महानगरपालिका अपाङ्ग सञ्जालका संयोजक गङ्गाबहादुर खड्काले दृष्टिबिहिनहरूलाई उज्यालो संसार देखाउने ब्रेल लिपिका आविष्कारक लुइ ब्रेलको योगदान अतुलनीय भएको बताउनुभयो। नेपाल नेत्रहिन संघका केन्द्रिय सदस्य लक्ष्मण सुबेदीले लुइ नभएको भए आफू यो स्थानसम्म आउन नसक्ने धारणा राख्नुभयो। कास्की नेत्रहिन संघका अध्यक्ष श्रीकान्त सापकोटाले लुइ ब्रेलको योगदानको चर्चा गर्दै नेपालमा ब्रेल लिपि भित्राउने जङ्गबहादुर बोगटीलाई पनि स्मरण गर्नुभयो।

दृष्टिविहिनहरूको मातृ लिपि ब्रेल लिपीलाई कहिल्यै पनि भूल्न नहुने र यहि लिपिका कारण दृष्टिविहिनकोहरूको शिक्षा सम्भव भएको उहाँले बताउनुभयो। अध्यक्ष सापकोटाको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन सुशिल होदार र सुनिता ज्ञवालीले गर्नुभएको थियो।

# आँधीखोला करिडोरको अर्मादीखोलामा पक्की पुल निर्माण गरिँदै

पोखरापत्र संवाददाता
वालिङ, २० पुस

स्याङ्जाको वालिङ नगरपालिका-१ अर्मादीखोलामा पक्की पुल निर्माण थालिएको छ। वालिङ नगरपालिकाले निर्माण गरिरहेको आँधीखोला करिडोरअन्तर्गतवालिङ-१बौवास्थित अर्मादीखोलामाथि पक्की पुल निर्माण थालिएको हो।

नगरपालिकालेनगरकोसीमानाभित्र आँधीखोलाको किनारैकिनार निर्माण गरेको आँधीखोला करिडोरको बौवास्थित अर्मादी खोलामा पक्की पुल निर्माणसँगै सिद्धार्थ राजमार्गको वैकल्पिक मार्गका रूपमा यो खण्डलाई प्रयोग गर्न सकिने भएको नगरपालिकाका इञ्जिनियर ध्रुव रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार आँधीखोला र अर्मादीखोलाको दोभानमा पुल निर्माण हुने भएपछि वालिङ बजारबाट दैनिक वालिङ सरसफाइ केन्द्रमा आवतजावत सजह हुनेछ। "पुल सम्पन्न भएसँगै नगरको बजार क्षेत्रबाट दैनिक सङ्कलन हुने कुहिने, नकुहिने, सिसाजन्य तथा दिशाजन्य फोहोर सरसफाइ केन्द्रमा लैजान सहज हुनेछ", उहाँले भन्नुभयो, "साथै सिद्धार्थ राजमार्गको वैकल्पिक सडकका रूपमा पनि यसलाई प्रयोग गर्न सकिन्छ। यसले सर्वसाधारणलाई आवागमनमा सहज बनाउनुका साथै समय



र खर्च बचत गर्ने अपेक्षा गरेका छौं।" पुल निर्माणका लागि डिएसएमवाइ जेभीसँग विसं २०८३ जेठ मसान्तभित्र सम्पन्न गर्नेगरी रु तीन करोड ३७ लाखको लागतमा ठेक्का सम्झौता भएको इञ्जिनियर रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार एउटा स्पानमा निर्माण हुने उक्त पुलको लम्बाइ २५ मिटर र फुटपाथसहित चौडाइ आठ दशमलव ४० मिटर हुनेछ। अहिले पुलको फाउण्डेसन निर्माण थालिएको उहाँले जानकारी दिनुभयो। हिउँदमा खोलाबाटै गाडी वारपार गरे पनि वर्षायाममा समस्या हुने तथा दैनिक ढुवानीका साथै फोहरमैलाका गाडी अन्यत्रबाट घुमाएर लानुपर्ने बाध्यता थियो।

वर्षायाममा खेतीकिसानी गर्ने किसानले ट्र्याक्टर लैजान तथा अन्य साधन लिएर जान आउन पनि समस्या हुँदै आएको थियो। वालिङ बजारबाट सरसफाइ केन्द्रसम्म आवतजावतका लागि अर्मादी र मिर्दीखोला छन्। यस वर्ष अर्मादी खोलामा पक्की पुल बने पनि मिर्दी खोलाबाटै सवारीसाधन सञ्चालन गर्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन्।

वर्षाका समयमा पनि आँधीखोला करिडोरमा निर्बाध रूपमा सवारीसाधन सञ्चालन गर्ने उद्देश्यले यहाँ पुल निर्माण थालिएको बताउँदै इञ्जिनियर रेग्मीले आगामी आर्थिक वर्षमा मिर्दीखोलामा पनि पक्की पुल निर्माण गर्न ठेक्का लगाउने तयारी भइरहेको जानकारी दिनुभयो।

आँधीखोलाको किनारैकिनार भएर गएको आँधीखोला करिडोरमा पुल निर्माण भएपछि आँधीखोलाको किनार, अर्मादीखोला र मिर्दीखोलाको किनारमा फैलिएका खेतीयोग्य भूमिमा उब्जाउ भएका कृषिजन्य वस्तु तथा नदीजन्य सामग्री करिडोर हुँदै ढुवानी गर्न सकिनेछ। करिडोर पूर्णमा रूपमा सञ्चालनमा आएसँगै सिद्धार्थ राजमार्ग तथा वालिङ बजारभित्रका सडकमा सवारी चाप कम हुने देखिन्छ।

# पदयात्रा पथप्रदर्शकलाई तीन दिने चरा पहिचान तालिम



पोखरापत्र संवाददाता
पोखरा, २० पुस

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय र पोखरा पन्छी समाजको संयुक्त आयोजनामा पदयात्रा पथप्रदर्शकका लागि तीन दिने चरा पहिचान तालिम दिइएको छ।

पदयात्रामा जाने पर्यटकलाई चराहरूबारे जानकारी गराउन सहज होस् भन्ने उद्देश्यका साथ गण्डकी प्रदेशमा पदयात्रा क्षेत्रमा पथप्रदर्शन गरिरहेका ३६ जना पथप्रदर्शकलाई तालिम दिइएको पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरेले जानकारी दिनुभयो।

तालिमका सहभागीलाई नेपाल पन्छीविद् सङ्घका अध्यक्ष हठनराम महतो, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख रविन कडरिया,काठमाडौंइन्भाइरोन्मेन्टल एजुकेशन प्रोजेक्ट (किप) का कार्यकारी सदस्य गोपी श्रेष्ठका साथै पन्छीविद्हरूले चरा अवलोकनका विभिन्न पक्षबारे सैद्धान्तिक र स्थलगत रुपमा प्रयोगात्मक तालिम दिएका हुन्। आइतबार तालिम समापन समारोहमा सहभागीलाई पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पर्यटनका विभिन्न विधामध्ये चरा पर्यटन महत्वपूर्ण पक्ष भएको बताउनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले कतिपय पर्यटक केवल चरा मात्रै हेर्न आउने बताउँदै त्यस्ता पर्यटकका लागि यस सम्बन्धमा विज्ञता हासिल गर्नु जरुरी रहेको बताउनुभयो। नेपाल पन्छीवद् समाजका अध्यक्ष हठनराम महतोले चरा पर्यटनमा काम गर्न चाहनेले त्यससम्बन्धी विज्ञता हासिल गर्न प्रविधिको प्रयोगका साथै यसतर्फको गहिरो लगाव हुनु जरुरी भएको बताउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
मातामनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# भेनेजुयलामाथिको हस्तक्षेप अस्वीकार्य

अमेरिकाले भेनेजुयलामाथि आक्रमण गरी त्यहाँका राष्ट्रपति निकोलस मदुरोलाई बन्दी बनाएर अमेरिका ल्याएपछि विश्वभरि विरोध भएको अछ । अमेरिकाले छिमेकी मुलुकमाथि आक्रमण गरेर राष्ट्रपतिलाई नै बन्दी बनाउने कार्य शक्तिशालीले जे गरेपनि हुन्छ भन्ने सन्देश हो।आधुनिक सभ्य र लोकतान्त्रिक व्यवस्था शक्तिको भरमा चलाउने कुचेष्ठा हो । डोनाल्ड ट्रम्पले अमेरिकामा दोस्रोपटक सत्ता समालेदेखि नै विदेश नीतिमा पनि विश्वलाई नै झड्का दिने“ परिवर्तन“भएका छन् । अवसर र स्वतन्त्रताको स्वर्ग’ भन्ने प्रचारलाई ट्रम्पले खण्डन गरिदिएका छन। आप्रवासी विरोधी कठोर नीति तथा अनपेक्षित व्यवहारका कारण अमेरिका विश्व रङ्गमञ्चमा एक्लिँदै गएको छ। युक्रेन युद्धमा अमेरिकाको ढुलमुले व्यवहारले पश्चिमी युरोप अमेरिकासँग टाढा हुँदैगएका छन । भेनेजुयलाको घटनाले ल्याटिन अमेरिकी मुलुकहरुलाई तर्साएको छ।

अपदस्थ राष्ट्रपति मदुरोप्रति सहानुभूति भन्दापनि अमेरिकी राष्ट्रपति ट्रम्पको कारण अमेरिकामै चर्को विरोध भएको छ।अमेरिकी सिनेटरले साम्राज्यवादी कदम भनेका छन।पुर्व उपराष्ट्रपति कमला ह्यारिसदेखि विभित्र क्षेत्रका व्यक्ति र समुदायले विरोध जनाएका छन । अमेरिकाले मदुरोमाथि लागु पदार्थ तस्करी गर्ने गिरोहसँग मिलेको आरोप लगाएको छ। भेनेजुयलाको समुद्रमा केही समयदेखि अमेरिकाले डुंगाहरूमा बम हान्दै हार गर्दै आएको थियो । तिनको लागु पदार्थ ओसारपसार गर्न प्रयोग भएको दाबी पनि अमेरिकाले गरेको छ ।

यस्ता कुनै पनि कारणले कुनै मुलुकमाथि आक्रमण गरी त्यहाँका शासकलाई बन्दी बनाउने कार्यको औचित्य सिद्ध हुँदैन । यसैले होला अकेरिकाभित्रै पनि राष्ट्रपति ट्रम्पको यस कदमको आलोचना भइरहेको छ । अन्तर्राष्ट्रिय समुदाय भने अपेक्षाकृत स्तब्ध देखिएको छ संयुक्त राष्ट्रसंघको आवाज त अचेल कसैले सुन्दैन तै पनि एउटा विश्वमञ्च त हो। कम्तीमा राष्ट्रसंघ त छ भन्नेसम्म झिनो त्यान्द्रो बिस्तारै चुँड्दै गएको देखियो ।

अमेरिकाकै लागि पनि वैदेशिक हस्तक्षेप र युद्ध निकै महँगो र कष्टकर हुँदैआएको छ। आउने दिन झन भयावह हुने आशंकामा अमे रिकीहरुले ट्रम्पको विरोध गरेका छन।जस्को शक्ति उसकै भक्ति चल्नेछ।अर्थात्, विश्व व्यवस्था मध्ययुगतिर फर्कनेछ। एआईको युगमा मध्ययुगीन सोचका शासक बढ्दै जाने हो भने भविष्यका सम्बन्धमा चिन्तामात्र लिनसकिन्छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यसरी नै छिमेकी मुलुक युक्रेनमाथि आक्रमण गर्दा युरोपमा शान्ति व्यवस्था खलबलिएको थियो भने अब ल्याटिन अमेरिका पनि अस्थिर हुनपुगेको छ । ट्रम्प, पुटिनजस्ता शक्तिशाली शासकहरूले विश्वलाई बलियाको खेल मैदान बनाएका छन् । युरोप, ल्याटिन अमेरिकाका साथै एसियाली देशहरूले पनि भेनेजुयलाको सार्वभौम सत्ताको सम्मान गरून् । यस आक्रमणको विरोध गर्नु नेपालको पनि नैतिक कर्तव्य हो । सार्वभौम मुलुकमा गरिएको आक्रमणको जति विरोध गरेपनि पुग्दैन ।निकोलस मदुरोको रिहा र भेनेजुयलाको सार्वभौमिकताको रक्षाका लागि सबैको दबाब आवश्यक छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# वर्षाको अद्यावधिक आकलनः अझै पनि कम वर्षा हुने

**रासस**
काठमाडौं, २० पुस

जल तथा मौसम विज्ञान विभागले अझै केही महिना वर्षा सरदरभन्दा कम हुने आकलन सार्वजनिक गरेको छ।

सार्वजनिक आकलनअनुसार यही पुस १७ देखि आगामी फागुन १६ गतेसम्मको अवधिमा सरदरभन्दा कम वर्षा हुने अनुमान गरिएको विभागले जनाएको छ । विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार गत डिसेम्बरमा पनि सरदरभन्दा कम वर्षा भएको थियो । आउँदा दिनमा पनि कम वर्षाको आकलन गरिएको उहाँले बताउनुभयो । यही पुस १७ गतेदेखि फागुन १६ गतेको दुई महिना अवधिमा देशका अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने बताउँदै उहाँले सुदूरपश्चिम, कर्णाली प्रदेशका उत्तरी भूभाग र गण्डकी प्रदेशका उत्तर-पश्चिमी भूभागमा सरदरभन्दा कम, सरदर र सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको उल्लेख गर्नुभयो। कायस्थका अनुसार सुदूरपश्चिम प्रदेशका मध्य भूभाग, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका दक्षिणी भूभाग, बागमती प्रदेशका अधिकांश भाग, मधेस प्रदेशका मध्य भूभाग र कोशी प्रदेशका पश्चिमी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ । सुदूरपश्चिमका दक्षिण-पश्चिमी भूभाग, कर्णालीका मध्य भूभाग, लुम्बिनीका उत्तरी भूभाग, गण्डकीका मध्य भूभाग, बागमतीका मध्य भूभाग, मधेसका पूर्वी तथा पश्चिमी भूभाग र कोशी प्रदेशका मध्य तथा दक्षिणी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो । देशका बाँकी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले सार्वजनिक गरेको जलवायु आकलनमा उल्लेख छ। हालसम्म प्राप्त प्रारम्भिक तथ्याङ्कअनुसार गत डिसेम्बरमा देशभर सरदरभन्दा कम वर्षा मापन गरिएको छ।

आकलनका आधारहरू

विभागले यस आकलन विश्व मौसम सङ्गठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको जलवायु प्रारुपका आकलनको आधारमा तयार गरिएको जनाएको छ। साथै नेपालको हिउँद अवधिको जलवायुमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने एलनिनो तथा हिन्द महासागरमा विकसित हुने इन्डियन ओसन डिप्लोइको हालको अवस्थालाई समेत मध्यनजर गरी तयार गरिएको विभागका सूचना अधिकारी कायस्थले बताउनुभयो । हाल प्रशान्त महासागरमा लानिनाको अवस्थामा रहेको र हिउँद ऋतुको अन्त्यसम्ममा तटस्थतर्फ जाने विश्वव्यापी प्रारुपहरूको आकलन रहेको छ । त्यसैगरी, हिन्द महासागरमा विकसित हुने इन्डियन ओसन डिप्लोइक (आइओडी) हाल तटस्थ अवस्थामा रहेको र हिउँद अवधिभर तटस्थ अवस्थामै रहने विश्वव्यापी प्रारुपहरूको आकलन गरिएको छ । ऋतुगत जलवायु विभिन्न सामुद्रिक तथा वायुमण्डलीय प्रणालीहरू, भूउपयोगजस्ता विषयमा निर्भर हुने र जलवायु प्रारुपहरूलाई यस्ता प्रणाली ऋतु परिवर्तन हुने समयमा शतप्रतिशत विश्वसनीय पूर्वानुमान गर्न कठिन हुने विभागका सूचना अधिकारी कायस्थले उल्लेख गर्नुभयो।

# तेक्वान्दोमा चार स्वर्णसहित २६ पदक

**रासस**
काठमाडौं, २० पुस

चीनको नान्जिङमा भएको एसियाली तेक्वान्दो आमन्त्रण प्रतियोगिता तथा १०औँ मान सान तेक्वान्दो खुला च्याम्पियनसिपमा नेपाली खेलाडीले चार स्वर्ण, सात रजत र १५ कांस्यसहित २६ पदक जितेका छन् । गेरोगी, पुम्से र स्पिड किकमा खेलाडीले पदक जितेका हुन् ।

जोलिना बस्नेत, हृदयानी बस्नेत, कैरवप्रसाद लोहनी र गिता विष्टले स्वर्ण जितेका छन् भने आश्रय उपाध्याय, सक्षम श्रेष्ठ, आयाम पौडेल, मेघानी घतानी, जिग्मे तेन्जिङ शेर्पा, दीपक दुलाल र रन्जिता भुसालले रजत पदक हात पारे । एभिनजङ्ग केसी, आरभी ज्ञवाली, यत्ना तिम्सिना, इनाया महर्जन, माइरा कार्की, श्रेयान कार्की, युजेन तामाङ, सोहन पाठक, एन्जल राई, जोसेफ गुरुङ, योन्डेन तामाङ, युब्साङ तामाङ, रिन्जेन आक्याङमी थामी, रियान्स बस्नेत र जाम्याङ तेन्जिङ शेर्पाले कांस्य प्राप्त गरे । प्रतियोगतामा लिटिल बड स्कुल, गोंगबु तेक्वान्दो डोजाङ र डाफोडिल पब्लिक स्कुलका खेलाडीले प्रतिस्पर्धा गरेका थिए।


## आवश्यकता

**इण्डियन चाइनिज खाना बनाउन जान्ने एक जना कुक चाहियो । साथै एक जना हेल्पर चाहियो ।**

**तलबः आपसी समझदारीमा**
**खाना र बस्नको सुविधा**

**सम्पर्कः**
**९८५७०२९९८१**
**९८०६७०६८४६**



HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli 0750001035 | तिलक कुँवर | वालिङ- , स्याङजा |
| २ | Gli 0005416 | मानषि पनेरु | पोखरा-१८, कास्की |


# मुक्तिनाथ फुड बैंकले कृषिजन्य वस्तु खरिद गर्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २० पुस

मुक्तिनाथ फुड बैंकले कृषकले उत्पादन गरेका कृषिजन्य वस्तुहरु संकलन गर्न थालेको छ । समूह र सहकारीमार्फत स्थानीय उत्पादनको प्रवर्द्धन, वृद्धि र बिक्री वितरण गर्न बैंकले कृषिजन्य वस्तु संकलन गर्न थालेको हो । मुक्तिनाथ फुड बैंक मुक्तिनाथ कृषि कम्पनीको खाद्यान्न क्षेत्रमा काम गर्न बनेको सहायक कम्पनी हो।

चुक्ता पुँजी ४० करोड रहेको फुड बैंकले पछिल्लो ५ महिनादेखि खाद्यान्न क्षेत्रमा काम थालेको छ। पहिलो चरणमा दलहन र तेलहनजन्य खाद्यान्न संकलनलाई प्राथमिकता दिएको फुड बैंकले मूल्य श्रृंखलालाई संस्थागत बनाउँदै कृषकले उत्पादन गरेका वस्तु खरिद बिक्रीको प्रक्रिया अगाडी बढाएको जनाएको छ । खरिद बिक्रीको प्रक्रिया अगाडी बढेसँगै दलहन र तेलहन उत्पादक कृषकले भोग्दै आएको बजारीकरणको समस्या भने अब हट्ने विश्वास गरिएको छ।

ग्रामीण क्षेत्रका कृषक र समूहले घरेलु प्रविधिको प्रयोगबाट उत्पादन गरेका कृषिजन्य वस्तु संकलनमा फुड बैंकले जोड दिर्दै आएको छ। दलहनतर्फ राज्मा, बोडी, बकुल्ला, मास, सिमी, चना, केराउ, गहत, अडहर र तेलहनतर्फ तोरी, रायो, भटमास, तिल, सिलाम, बदाम, सरस्युं, सूर्यमुखी जस्ता उत्पादित वस्तुहरु संकलन गरिएको छ । कृषकको उत्पादनलाई बजारीकरण गर्न थालेको फुड बैंकले हाल लामो सयम टिकाउ हुनेखालका खाद्यवस्तु खरिद गर्दै आएको जनाएको छ। समूह सहकारीमार्फत कृषकको उत्पादनलाई मूल्य श्रृंखलामा ल्याउन लामो समय काम गरेको मुक्तिनाथ कृषि कम्पनीका प्रबन्ध संचालक भरतराज ढकालले बताए। ‘मूल्य श्रृंखलाको संरचनामा सुधार आएसँगै कृषकद्धारा उत्पादित कृषिजन्य वस्तुको सहकारीमार्फत फुड बैंकले बजारीकरणमा सहयोग गर्नेछ।’ उनले भने, ‘मुक्तिनाथ कृषि कम्पनीसँग सहकार्य गरेका कृषकले उत्पादन गरेका वस्तु खरिद बिक्रीको ग्यारेन्टी पनि गरिन्छ।’ कृषिजन्य वस्तु उत्पादनमा कृषकलाई आर्थिक र प्रविधि अभाव नहोस भनेर उत्पादनको खरिद बिक्रीको ग्यारेन्टी गरिएको ढकालले जनाए।

मुस्ताङ्को आलु, जुम्ला र हुम्लाको स्याउ र सिन्धुलीको जुनार खरिद बिक्रीको पहिलो परिक्षण गरेको फुड बैंकले हिमाली भेगमा उत्पादित दलहन र स्याङ्जामा उत्पादन भएका सुन्तलाको थोरैमात्रामा खरिद बिक्री गरिसकेको छ । मौसम अनुसार उत्पादित कृषिजन्य वस्तुको बजार स्थिती, स्वाद र गुणस्तर परिक्षण गर्न फुड बैंकले पाइलट परिक्षणका रुपमा खाद्यन्न वस्तुको बजारीकरणमा सहजीकरण गरेको जनाएको छ।

हावापानी सुहाउँदो जस्तोसुकै भूगोलमा मौसमी तथा बेमौसमी कृषिजन्य वस्तु उत्पादन गर्ने कृषक समूह र सहकारीलाई सहयोग गर्दै उत्पादन बढाएर बजारीकरण गरिने फुड बैंकका प्रमुख भूमीराज भण्डारीले बताए । ‘माटो परिक्षण गराएर जुन माटोमा जे सम्भावना छ, त्यहि खेती गर्न हामीले कृषक समूह र सहकारीमार्फत सहयोग गर्छौ।’ भण्डारीले भने, ‘माटो परिक्षणमा सहजीकरण, उन्नत बीउ खरिद, बाली लगाउन, बालीको सम्भार गर्न आर्थिक श्रोतको व्यवस्थापन, प्रविधि र उत्पादित वस्तुको खरिद बिक्रीसँगै बजारीकरणको सबै प्रबन्ध हामीले गर्छौ।’ कृषकद्धारा उत्पादित कृषिजन्य वस्तुहरु घरपरिवारमा प्रयोग नहुँदा खेरा जाने अवस्था थियो । अब जिल्लाजिल्लामा कृषकले उत्पादन गरेका थोरैधेरै कृषिजन्य वस्तुको खरिद बिक्री हुने भएपछि स्थानीय कृषक उत्साहित बनेको कफी निर्यात गर्दै आएका स्याङ्जाका अगुवा कृषक बोधराज अर्यालले बताए। ग्रामीण हावापानीमा अर्गानिक तबरबाट उत्पादित वस्तुको मात्रा थोरैधेरै भएपनि उचित मूल्य पाउने भएपछि कृषकहरु उत्साहित बनेको अर्यालले जनाए। मुक्तिनाथ विकास बैंकसँगै देशभरका झण्डै ९ सय लगानीकर्ताले लगानी गरेको मुक्तिनाथ कृषि कम्पनीले कृषि उत्पादनको मूल्य श्रृंखला स्थापना र समूह र सहकारीमार्फत कृषकलाई आर्थिक, प्राविधिक र बजारीकरणको क्षेत्रमा विगत ५ वर्षदेखि सहजीकरणको काम गर्दै आएको छ। कृषि कम्पनी मातहत झण्डै १० वटा क्षेत्रगत फरकफरक कृषि, प्रविधिलगाएतका विधामा काम गर्नेगरी सहायक कम्पनीहरु संचालनमा रहेको कम्पनीले जनाएको छ। कृषि क्षेत्रमा संस्थागत रुपमा काम थालेको मुक्तिनाथ कृषि नेपालकै पहिलो पब्लिक कम्पनी हो । मुक्तिनाथ ट्रेडिङ्ग कम्पनीबाट कृषकलाई प्रविधिमा दिगोपना र अब्बल बनाउँदै आएको कृषि कम्पनीले मुक्तिनाथ नर्सरी बैंकमार्फत उन्नत जातको बीउ र बिरुवा उपलब्ध गराउँदै उत्पादन वृद्धिको काम गर्दै आएको छ । उता मुक्तिनाथ फटिलाईजर बैंकबाट अर्गानिक र गुणस्तरीय मलको प्रयोगले उत्पादकत्व बढाउने क्षेत्रमा काम गरेको छ भने मुक्तिनाथ फुड बैंकमार्फत कृषकले उत्पादन गरेका वस्तुको बजारीकरणमा सहयोग पुऱ्याउन थालेको कम्पनीका सचिव रामशरण तिमिल्सिनाले जानकारी दिए।


**गण्डकी प्रदेश सरकार**
**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**
**पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना**
**प्रादेशिक आयोजना कार्यान्वयन एकाइ**
**पोखरा, नेपाल**

## अगुवा कृषक छनोटको लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन भएको मितिः २०८२/०९/२१**

यस आयोजनाको अगुवा कृषक परिचालन कार्यविधि, २०८१ अनुसार तपसिलमा उल्लिखित स्थानीय तहहरूमा (एक वडाबाट एक जनाभन्दा बढी नहुने गरी प्रत्येक स्थानीय तहबाट बढीमा ५ जना) अगुवा कृषक छनोट गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक न्यूनतम योग्यता पुगेका कृषकहरूले मिति २०८२/१०/०६ गते कार्यालय समयभित्र आवश्यक कागजातहरू संलग्न गरी सम्बन्धित स्थानीय तहको कृषि क्षेत्र हेर्ने एकाइ/शाखा/उपशाखामा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | जिल्ला | कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरू |
|---|---|---|
| १. | गोरखा | आरूघाट, पालुङटार, सिरानचोक |
| २. | लमजुङ | बेसीशहर, मध्यनेपाल, मर्स्याङ्दी, राइनास, सुन्दरबजार |
| ३. | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र, लो-घेकर दामोदरकुण्ड, घरपझोङ, थासाङ |
| ४. | म्याग्दी | अन्नपूर्ण, बेनी |
| ५. | बाग्लुङ | बडिगाड, गल्कोट, जैमिनी, काठेखोला, निसिखोला |
| ६. | मनाङ | मनाङ ङिस्याङ |

आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरूको विवरणः
(क) अनुसूची-३ बमोजिमको निवेदन
(ख) आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
(ग) अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र
(घ) अनुसूची-५ बमोजिमको आवेदकको व्यक्तिगत विवरण
(ङ) शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रहरूको प्रतिलिपि ।

पुनश्चः आवेदन साथ पेस गर्नुपर्ने कागजातहरू आयोजना कार्यान्वयन एकाइ गण्डकी प्रदेश पोखराको वेबसाइट gandaki.nafha.gov.np तथा सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ।

अन्य जानकारीका लागि आयोजना कार्यान्वयन एकाइ पोखराको सम्पर्क नं ०६१-५७०२७३ वा सूचना अधिकारीको सम्पर्क नं ९८५६००८५६६/९८४६२८८२३९ मा सम्पर्क गर्न सकिनेछ।

**प्रादेशिक आयोजना व्यवस्थापक**

# कभर्डहल निर्माण गर्न सहयोग सङ्कलन अभियान

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० पुस

सदरमुकाम बेनीमा सुविधायुक्त र आधुनिक भलिबल कभर्डहल निर्माणका लागि जग्गा खरिद गर्न शनिबारदेखि सहयोग सङ्कलन अभियान सुरु भएको छ।

जिल्ला भलिबल सङ्घले दुई रोपनी आठ आना जग्गा खरिदका लागि सुरु गरेको अभियानको पहिलो दिन रु तीन लाखभन्दा बढी सहयोग जुटाएको छ । सङ्घका अध्यक्ष तेजेन्द्र बानियाँले समुदायस्तरबाट सहयोग जुटाएर जग्गा व्यवस्थापन गरेपछि सरकारी लगानीमा कभर्डहल निर्माण गरिने जानकारी दिनुभयो।

"बेनीको महारानीथान नजिकै खरिद गर्न लागिएको जग्गालाई रु एक करोड ४२ लाख ५० हजार मूल्याङ्कन गरी रु तीन लाख पेश्की उपलब्ध गराएका छौँ", उहाँले भन्नुभयो, "सार्वजनिक सङ्घसंस्थाको आफ्नै जग्गा नहुँदासम्म सरकारी निकायले पूर्वाधार निर्माणमा लगानी गर्न नमिल्ने नीतिगत व्यवस्थाका कारण अभियान सञ्चालन गरेका हौँ ।" एक हजार जना दर्शक अट्ने क्षमताको भलिबल कोर्ट, अफिसियल बैठककक्ष, जिमहल, कपडा फेर्ने कोठा, चमेनागृह, प्यारापिट, एलसिडी बोर्ड, विद्युत्, ध्वनि उपकरण, एसी, शौचालय, शयनकक्ष, भण्डारण, जेनेरेटर र कार्यकक्ष रहने रु तीन करोड लागत अनुमान गरिएको कभर्डहल चार वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

स्थानीय तह, प्रदेश र सङ्घीय सरकारबाट लगानी जुटाएर कभर्डहल निर्माण गरिने सङ्घले जनाएको छ। राष्ट्रिय र अन्तरराष्ट्रियस्तरका थुप्रै भलिबल खेलाडी जन्माएको म्याग्दीमा हाल कभर्डहल नहुँदा ठूलो वर्षात, चर्को घाम र चिसो मौसममा खेल प्रतियोगिता र अभ्यास सञ्चालन गर्न समस्या भएको सङ्घका महासचिव कुमार किसानले बताउनुभयो । कभर्डहल निर्माणपछि सङ्घअन्तर्गतको अक्षयकोष कार्यसमितिमार्फत भलिबल प्रशिक्षण केन्द्रका रूपमा सञ्चालन गरिने योजना छ । विसं २०८० मा म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) बेलायतको सहयोगमा स्थापना भएको रु ४७ लाखको अक्षयकोष रकम वृद्धि गरी ब्याजबाट कभर्डहल तथा खेल प्रशिक्षण सञ्चालन गरिने सङ्घले जनाएको छ । सङ्घको कभर्डहल निर्माण गर्ने योजनालाई साझा मानेर सघाउने जिल्लाका जनप्रतिनिधि, राजनीतिक दल र निजी क्षेत्रले प्रतिबद्धता जनाएका छन् । खेलाडी उत्पादनका लागि प्रशिक्षण र उमेर समूहको आधारमा प्रतियोगिता आयोजना गरी म्याग्दीलाई भलिबलको हब बनाउने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी उत्पादन गरी व्यावसायिक खेलाडी उत्पादनमा जोड दिने, खेल संस्थाको विकास, विस्तार गर्न र अनुशासित, स्वस्थ्य नागरिक उत्पादनमा मद्दत पुर्‍याउने कभर्डहल निर्माणको प्रमुख उद्देश्य रहेको छ। सङ्घका अध्यक्ष बानियाँले रु एक लाख, व्यवसायी नरेन्द्र बस्नेत, जीवन खत्री, ईश्वर आचार्य, भीमनाथ शर्माले रु ५०-५० हजार र चिरञ्जीवी शर्माले रु २५ हजार सहयोग गर्नुभएको छ।

# तरबुजाखेतीमा किसानलाई आकर्षित गर्दै महानगर

**पोखरापत्र संवाददाता**
पोखरा, २० पुस

पोखरा महानगरपालिकाले यहाँकाकिसानलाईतरबुजाखेतीतर्फ आकर्षित गर्न अनुदानलगायतका कार्यक्रम अघि बढाएको छ।

पछिल्ला वर्षमा पोखरा महानगरका विभिन्न स्थानमा तरबुजाखेती गर्ने क्रम बढ्दै गएको अवस्थामा यसलाई व्यावसायिक रूपमा अघि बढाउने गरी महानगर लागेको कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । अघिल्लो वर्ष पोखरा महानगरपालिकाको वडा नं १३, १४, ३३ लगातयत स्थानमा झण्डै दुई सय रोपनीमा तरबुजाखेती गरिएकामा रु दुई करोडबराबरको कारोबार भएको उहाँले जानकारी दिनुभयो । "महानगरपालिकाले तरबुजाखेतीलाई व्यावसायिक रूपमा नै अघि बढाउने गरी अनुदानका कार्यक्रम पनि अघि बढाएको छ", उहाँले भन्नुभयो, "यस वर्ष तरबुजाखेती गर्न चाहने किसानलाई बीउ र मल्चिङका लागि ५० प्रतिशत अनुदानको कार्यक्रम पनि राखिएको छ।"

अघिल्लो वर्ष वडा नं १३ मा मात्रै करिब १०० रोपनी क्षेत्रमा तरबुजाखेती गरिएको जानकारी दिँदै उहाँले तरबुजा उत्पादक र उपभोक्तालाई एकै ठाउँमा उपस्थित गराउनका लागि उक्त वडामा तरबुजा मेलासमेत सम्पन्न गरिएको बताउनुभयो । उहाँका अनुसार उत्पादक किसानका लागि महानगरपालिकाले तरबुजाको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रु ३५ तोकेको छ।

महानगरपालिकाले समुदायसँगको सहकार्यमा यस वर्ष तरबुजाका विभिन्न प्रजातिको परीक्षणसमेत गर्न लागेको छ। पोखरामा विशेषतः सरस्वती जातको तरबुजा धेरै लगाउने गरिएको कडरियाले जानकारी दिनुभयो।

# सुन्तला संकलन केन्द्र प्रयोग विहीन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २० पुस

स्याङ्जाको पुतलीबजार नगरपालिका-१० राङ्खोलामा निर्माण गरिएको सुन्तला संकलन केन्द्र प्रयोग विहीन भएको छ। झण्डै ५५ लाखको लागतमा निर्माण भएको संकलन केन्द्र स्थापनासँगै प्रयोग विहीन भएको हो । १० वर्षलाई जग्गा भाडामा लिएर बनाएको केन्द्र ६ वर्षसम्म प्रयोगमा आउन सकेको छैन्।

करिब ६ रोपनी क्षेत्रफलमा बनेको संकलन केन्द्र हालसम्म प्रयोगमा आउन सकेको छैन् । स्थानीय सुन्तला उत्पादक कृषकहरुको मागका आधारमा केन्द्र निर्माण गरिएको थियो। त्यस क्षेत्रमा उत्पादित सुन्तला संकलन गरेर ग्रेडिङ्ग (वर्गिकरण) गर्न सहज होस भन्ने उद्देश्यले संकलन केन्द्र बनाएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जाले जनाएको छ।

आर्थिक वर्ष २०७३/०७४ मा विनियोजित ३० लाखको लागतबाट निर्माण शुरु भएको संकलन केन्द्र कृषकको १५ प्रतिशत लागत साझेदारीमा आर्थिक वर्ष २०७५/०७६ मा झण्डै ५५ लाखमा निर्माण भएको भएको हो । स्थापना भएको ६ वर्षदेखि प्रयोग विहीन भएको केन्द्रको वार्षिक ६० हजार रुपैयाँ भाडा भने कार्यक्रमले तिर्दै आएको छ। ११ समूहमा आवद्ध झण्डै २७५ कृषकलाई लक्षित गरेर सुन्तला संकलन गर्न सहज होस भनेर केन्द्र निर्माण गरिएको कार्यक्रमले जनाएको छ।

जिल्लामा उत्पादन हुने कुल सुन्तलामध्ये त्यस क्षेत्रमा झण्डै २० प्रतिशत सुन्तला उत्पादन हुने गरेको कार्यक्रम प्रमुख अजय अधिकारीले बताए। 'उत्पादित सुन्तला संकलन गरेर वर्गिकरण गरेपछि खरिद बिक्री गर्न सहज बनाउन केन्द्र बनाएका थियौं।' अधिकारीले भने, 'सुन्तला पकेट क्षेत्रका स्थानीय कृषकले केन्द्र सदुपयोग नगर्दा संकलन केन्द्र लामो सयमदेखि प्रयोग विहीन भएको छ।' राङ्खोला, बरजा, कान्छीबजार, हलहले, धोबादी, सुम्रेखोला र जैसीडाँडाका सुन्तला उत्पादक कृषकले प्रयोग गर्नुपर्ने केन्द्र वेबारिसे अवस्थामा पुगेको छ । सुन्तला उत्पादक कृषक आफैले सुन्तला खरिद बिक्री गर्नुपर्ने भए केन्द्र प्रयोगमा आउने थियो । सुन्तला ठेकेदारले बगैंचाबाटै सुन्तला खरिद गर्दै उठाएर लैजाने भएपछि केन्द्र प्रयोग विहिन बन्दै गएको हो।

कृषकले माग गरेकै आधारमा संकलन केन्द्र बनाएको कार्यक्रमका प्राबिधिक सहायक ईन्द्र सुबेदीले जनाए । कृषकले निवेदन दिएर लागत साझेदारी गर्छौं भनेपछि केन्द्र निर्माण कार्यालयले प्रक्रिया थालेको सुबेदीले बताए । उद्देश्य अनुरुप निर्माण भएको केन्द्र प्रयोगमा आएको भए करिब ५५ लाखको आधुनिक ग्रेडिङ्ग मेशिन जडान गर्ने तयारीमा थियौं। उनका अनुसार भवन प्रयोग विहीन बन्दै गएपछि थप लगानी गर्न रोकिएको हो।

सुन्तला ग्रेडिङ्ग गर्न बनाएको संकलन केन्द्र समूहको बैंठक, भोजभतेर, पिकनिक र ब्याटमिन्टन खेल्ने थलोमा परिणत भएको छ । राज्यले लाखौं रुपैयाँ खर्चेर बनाएको वार्षिक भाडा तिर्दै आएको भवन प्रयोग विहीन हुँदै गएको स्थानीय कृषक मुक्ति अधिकारीले बताए। कार्यक्रमले भवन बनाएपनि औजार जडान नगर्दा भवन प्रयोगमा आउन नसकेको उनले बताए । औजार थपेर सुन्तला खरिद बिक्री गर्ने प्रक्रियामा सुधार नल्याएसम्म भवन प्रयोगमा आउन नसक्ने अधिकारीले जनाए।

# विदेशबाट फर्किएर कुखुरापालन, मासिक एक लाख आम्दानी

**पोखरापत्र संवाददाता**
तनहुँ, २० पुस

व्यास नगरपालिका-१ रतौलीका अर्जुनबहादुर बस्नेत विदेशबाट फर्किएपछि यतिबेला स्वदेशमा व्यावसायिक कुखुरापालनमा रमाउनु भएको छ। दुबईमा १७ वर्षसम्म जागिर गरी स्वदेश फर्किएर उहाँले कुखुरापालनबाट विदेशमा भन्दा राम्रो कमाइ गर्दै आउनुभएको हो।

कुखुराको अण्डा बिक्री गरेर मासिक रु एक लाख आम्दानी लिँदै आएको उहाँले बताउनुभयो । विदेशमा रहँदा कोरोनाका समयमा बुवाको निधन भएको नौ महिनापछि घर फर्किनु भएका बस्नेतले पाँच वर्षअघि यो व्यवसाय सुरु गर्नुभएको थियो । विदेशमा पाएको आम्दानीभन्दा स्वदेशमा बसेर दोब्बर कमाइ गर्न सकिन्छ भन्ने उदाहरणसमेत प्रस्तुत गर्न सफल भएका छन्।

उहाँले सञ्चालन गर्दै आउनुभएको 'बस्नेत ब्रोइलर पोल्ट्री एण्ड एग फार्म'मा हाल दुई हजार लेयर्स कुखुरा छन्। सुरुमा रु ३० लाख लगानीमा छ रोपनीमा दुई आधुनिक ट्रष्ट निर्माण गरी व्यावसायिक रूपमा कुखुरापालन व्यवसाय सुरु गर्नुभएका बस्नेतले राम्रो आम्दानी गर्दै आउनुभएको छ । दैनिक एक हजार ८०० अण्डा उत्पादन हुने यो फार्मबाट महिनामा पाँच लाख बढीको कारोबार हुने गरेको छ । दाना, औषधि तथा श्रम खर्च कटाएर एक लाखभन्दा आम्दानी हात पर्न थालेको बस्नेतले बताउनुभयो । उहाँले भन्नुभयो, "दुबईमा महिनामा रु ६० हजार आउँथ्यो, अहिले गाउँमै परिवारको साथमा बसेर विदेशको न्दा दोब्बर फाइदा भइरहेको छ।"

कुखुरा व्यवसायबाट उत्पादन हुने ठूला दाना (क्रेड) स्थानीय बजारमा प्रतिथान ५०० मा बिक्री हुँदै आएका छन् । जोखिमयुक्त मानिने कुखुरापालनमा किसानलाई टिकाइराख्न सरकारले दाना उत्पादनमा प्रत्यक्ष अनुदान दिनुपर्नेमा बस्नेतको जोड छ । "पूर्वाधारमा मात्र अनुदान दिएर काम हुँदैन । दानामा सहयोग भयो भने किसान टिकाउ हुन्छन्, राज्यको लगानी पनि सुरक्षित हुने", उहाँले भन्नुभयो।

श्रीमती मधुमाया बस्नेतको निरन्तर साथमा फार्म चलाउनुभएका अर्जुन भन्नुहुन्छ, "कुखुराको मल प्रयोग गरेदेखि तोरी पनि राम्रो फलेको छ कि तेल किन्नु परेको छैन, तरकारी पनि बजारबाट ल्याउनुपरेको छैन ।" व्यास नगरपालिकाले इनार निर्माणका लागि रु २५ हजार र कुखुरा खरिदका लागि रु ५० हजार गरी ७५ हजार सहयोग गरेको व्यास-१ का वडासदस्य मणिजंग बस्नेतले बताउनुभयो।

चितवनबाट चल्ला ल्याएर सुरु गरिएको यो व्यवसाय अहिले गाउँमै रोजगारी, आम्दानी र आत्मनिर्भरता अभिवृद्धिको उदाहरण बन्ने गरेको छ। विदेशमै भविष्य खोज्नुपर्ने बाध्यता हटाउँदै गाउँमै बसेर स्थिर आम्दानी गर्न सकिन्छ भन्ने प्रेरणादायी सन्देश बस्नेतको सफलताले दिएको कार्कीले बताउनुभयो।

# देउसीभैलो खेलेर जुटाएको रकमबाट ताराखेतमा सडकबत्ती

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० पुस

मङ्गला गाउँपालिका-२ ताराखेतका बालबालिकाले देउसीभैलो खेलेर जुटाएको रकम परिचालन गरेर सडकबत्ती जडान गरेका छन्।

ताराखेतमा पर्ने बेनी-दरवाङ सडक, पदमार्ग र मङ्गला गाउँपालिका-३ सातबिसेको सिमकुना जोड्ने झोलुङ्गे पुलमा शनिबारदेखि सडकबत्ती बालेर रातको समयमा उज्यालो बनाउन थालेका हुन्। तिहारमा देउसीभैलो खेलेर जुटाएको रु ३५ हजारसहित रु ७० हजारको लागतमा १५ वटा सडकबत्ती जडान गरेर ताराखेतलाई झिलीमिली बनाएको स्थानीय युवा अर्जुन पौडेलले बताउनुभयो । "देउसीभैलो खेलेर जुटाएको रकम बचाएर सामाजिक काममा लगाएका हौँ", उहाँले भन्नुभयो, "स्थानीय अगुवा र अभिभावकहरूले पनि साथ दिएपछि ताराखेतलाई सुरक्षित बनाउनका लागि सडकबत्ती बाल्ने हाम्रो योजना सफल भएको हो।" सडकबत्तीका कारण रातको समयमा उज्यालो भएपछि दुर्घटना, चोरी, चितुवालगायत बन्यजन्तुको गतिविधि नियन्त्रणमा सहयोग पुग्नुका साथै स्थानीयवासीलाई हिँडडुल गर्न सहज भएको छ। सुरक्षित महसुस गर्न थालेका छन्। सडकबत्ती उपभोक्ता समितिका अध्यक्ष गोकर्ण पौडेलले उपभोक्ताबाट थप रु ३५ हजार जुटाएर योजना सम्पन्न गरिएको जानकारी दिँदै मासिक रूपमा रकम सङ्कलन गरेर सडकबत्तीको महसुल तिर्ने बताउनुभयो । सडकबत्तीको ताराखेतका बासिन्दा ९६ वर्षीया सन्तकुमारी भट्टचनले शनिबार उद्घाटन गर्नुभयो।

# मौलिक परम्परागत ठाडोभाका संरक्षणका लागि प्रशिक्षण

**पोखरापत्र संवाददाता**
तनहुँ, २० पुस

तनहुँको व्यास नगरपालिका-१२ गोल्लाका हिमला आलेले लोपोन्मुख ठाडोभाकाको संरक्षणका लागि प्रशिक्षणनैलियो।युट्युबलगायतका सामाजिक सञ्जालमा हेरेर गाउने प्रयास गरे पनि सफल नभएपछि उहाँले अहिले प्रशिक्षण नै लिनुभयो।

"पहिले लोकभाकाको लय, शब्द, टुक्का कसरी जोड्ने थाहा नै पाएको थिएन। प्रशिक्षणपछि धेरै कुरा सिक्न पाएँ", आले भन्नुहुन्छ, "प्रशिक्षणले यसलाई संरक्षण र प्रचारप्रसार गर्नेछ।नगरपालिकाले लोपोन्मुख भाकालाई पुस्ता हस्तान्तरण र संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ।" केही टुक्का जोडेर गाउन जानेको र अवसर पाए प्रयाससँगै पोख्त बन्ने उहाँको विश्वास छ।

देवघाटका पुष्प थापा मगर पनि आफूले ठाडोभाका सिक्ने अवसर पाएको बताउनुहुन्छ । "ठाडोभाका सिक्ने मन भए पनि यस्तो अवसर पाएको थिएन । प्रशिक्षकले कहिले पनि गाउन नजानेका र केही जानेकालाई समेटेर सिकाउनुभयो । जसले तीन दिनमा गाउने प्रयासमा अधिकांश प्रशिक्षार्थीले स्वर दिएका छन्", उहाँले भन्नुभयो, "ठाडोभाकाले अवसर सिर्जना गर्नुका साथै पुस्ता हस्तान्तरणमा टेवा पुगेको छ।" प्रशिक्षणमा नयाँ पुस्ताको रुपमा व्यास-६ उपल्लो साझाका गौकुमारी गुरुङ पनि हुनुहुन्छ । उहाँले भन्नुभयो, "ठाडोभाका हाम्रो मौलिक भाका हो।

सुन्दा सजिलो तथा गाउन गाह्रो छ। अरु गीतभन्दा पृथक रहेको छ । अन्य गीतसङ्गीतमा ट्र्याकमा गाउन सकिन्छ भने ठाडोभाका हाम्रो मौलिक पहिचान हो । पुस्ता हस्तान्तरण हुन जरुरी छ र व्यास नगरपालिकाले गहन रुपमा लिएर प्रशिक्षण दिएको छ।" उहाँ तालिमले आफ्नो स्वर र आत्मबल दुवै बढाएको बताउनुहुन्छ । "पहिला लय समात्ने गाह्रो लाग्थ्यो", उहाँले भन्नुभयो, "तर अभ्यासपछि ठाडोभाकाको मौलिक धुन आफ्नै गलाबाट निस्कँदा गर्व लाग्छ, यसले हाम्रो क्षमता वृद्धि मात्र होइन, स

ंस्कृति प्रतिको लगाव पनि बढाएको छ।"

'ठाडोभाका' गण्डकी प्रदेशको मौलिक पहिचान हो। विगतमा प्रख्यात 'ठाडोभाका' लोपोन्मुख अवस्थामा पुगेको छ। यसको संरक्षण तथा पुस्ता हस्तान्तरण गर्ने उद्देश्यले व्यास नगर प्रज्ञा प्रतिष्ठानले तीनदिने ठाडोभाका प्रशिक्षण दिएको छ । यही पुस १७ देखि १९ गतेसम्म दमौलीमा ठाडोभाका प्रशिक्षणले पुराना स्वर, लय र अनुभूतिको विरासत नयाँ पुस्तासँग जोड्दै सांस्कृतिक उत्तराधिकारलाई जीवन्त बनाउने अभियानलाई मूर्त रूप दिन सफल भएको छ। व्यास नगर प्रज्ञा-प्रतिष्ठानको आयोजना, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको सहआयोजनामा सञ्चालित प्रशिक्षणमार्फत ६० जना प्रशिक्षित भएका छन् । उनीहरू ठाडोभाकाको स्वरशैली, लय, शब्दको भाव र प्रस्तुति विधिमा गहिरो अभ्यास गरी आफ्नो सांस्कृतिक पहिचानलाई बुझ्न र बोकेर हिँड्न प्रयासमा जुटेका छन्।

राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान तनहुँका अध्यक्ष विश्वकुमार बढाले यस प्रशिक्षणले पुरानो भाकालाई नयाँ जीवन दिएको बताउनुभयो । "हामीले सानैदेखि सुनेको यो भाका हराउँदै गएको थियो, तर यस प्रशिक्षणले यसको गहिराइ बुझ्न पाएँ", उहाँले भन्नुभयो, "अब म यो विरासतलाई आफूसँगै नयाँपिँढीलाई प्रेरित गरेको छ र अरूलाई पनि सिकाउनसक्ने आत्मविश्वास पाएको छु।"

ठाडोभाकाको शुद्धता, भाव र अनुशासनमा दख्खल भएका ठाडोभाका प्रख्यात गायक बुद्धिमान दुरा (धम्पु), गायिका सीतादेवी दुरा, अक्कल विरही गुरुङ र अनिता गुरुङको प्रशिक्षणले सहभागीलाई गीतप्रति प्रेरित गरेको छ । गुरुहरूको प्रत्यक्ष मार्गदर्शनमा प्रशिक्षार्थीले पुराना गीत, नयाँ अभ्यास र सामूहिक प्रस्तुतिमार्फत भाकालाई आत्मसात् गरेका छन्।

ठाडोभाकाको उद्गमथलो लमजुङ हो । यो भाकाका सर्जक तथा गायक अधिकांश लमजुङ, तनहुँ र गोर्खाका छन्। तनहुँ र लमजुङका गाउँबस्तीमा जन्मिएको यो भाकालाई जोगाएर भेडीखर्के साइँलोले पुर्‍याएको विरासत आज नयाँ पुस्ताको काँधमा हस्तान्तरण भएको व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो।

"यही पुस्तान्तरणकै प्रक्रियाले ठाडोभाकालाई स्मृतिमा सीमित नराखी व्यवहार र प्रस्तुतिमार्फत समाजमा पुनःस्थापित गर्ने उद्देश्यले नै प्रशिक्षण दिने योजना निर्धारण गरिएको हो", नगर प्रमुख न्यौपानेले भन्नुभयो, "पुस्ता हस्तान्तरण र पुराना कला, संस्कार, संस्कृति संरक्षणका निम्ति व्यास नगर प्रज्ञा - प्रतिष्ठानले सभामा छलफलपछि गरिएको निर्णयले उत्साहित बनाएको छ।" लोपोन्मुख कला, संस्कृतिको संरक्षणमा सबैको सहयोग आवश्यक हुने उहाँको भनाइ छ।

यस प्रशिक्षणले ६० सहभागीलाई केवल गायक मात्र होइन। नगरपालिकाले संस्कृति बोकेका संवाहक बनाउने लक्ष्य लिएको छ। यही उत्साह, सीप र प्रतिबद्धताले ठाडोभाका अब समयसँगै हराउने होइन, पुस्तौँ पुस्तासम्म बाँचिरहने जीवन्त सांस्कृतिक धरोहर बन्ने अपेक्षा नगरपालिकाले गरेको छ।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/९/२१)**

**उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ को कित्ता नं. २३५०, २३५१, २३५२ र २३५३ को निजी जग्गाबाट निर्माणजन्य सामग्री उत्खनन् कार्य सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा गण्डकी प्रदेश पोखरा महानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक बातावरणीय परीक्षण कार्यविधि, २०७९ को दफा ५ को प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना प्रस्ताव गरिएको स्थलमा मिति २०८२/९/२४ गते बिहीबारका दिन बिहान ९:३० बजे सरोकारवालाहरुको उपस्थितिमा हुन गहिरहेको हुँदा तपाईँहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।**

**आयोजक**
**रोमबहादुर कार्की**
**पोखरा, कास्की, गण्डकी प्रदेश**
**सम्पर्क नं.: ९८५६०३४०३७**